आज मिति २०७८ साल पौष ८ गतेका दिन मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको अध्यक्ष श्री विदुर हुमागाईं ज्यूको अध्यक्षतामा बैठक बैठकको उपस्थितिमा देहायका निर्णयहरु गरियो।

उपस्थिति

१. अध्यक्ष श्री विदुर हुमागाईं (गा.पा. अध्यक्ष)

२. सदस्य श्री हर्कमाया खड्का (गा.पा. उपाध्यक्ष)

३. सदस्य श्री आइत सिं मोक्तान (वडाध्यक्ष वडा नं. १)

४. सदस्य श्री कबोल सिं पाख्रिन (वडाध्यक्ष वडा नं. २)

५. सदस्य श्री भागवत घिमिरे (वडाध्यक्ष वडा नं. ३)

६. सदस्य श्री रामप्रसाद तिमल्सिना (वडाध्यक्ष वडा नं. ४)

७. सदस्य श्री जीत बहादुर घिमिरे (वडाध्यक्ष वडा नं. ५)

८. सदस्य श्री टिका प्रसाद दाहाल (वडाध्यक्ष वडा नं. ६)

९. सदस्य श्री पूर्ण बहादुर खड्का (वडाध्यक्ष वडा नं. ७)

१०. सदस्य श्री कुमार सिं थोकर (वडाध्यक्ष वडा नं. ८)

११. का.पा. सदस्य श्री सुरेन्द्र सुनार

१२. का.पा. सदस्य श्री चिनीमाया लुङ्बा

१३. का.पा. सदस्य श्री निर्मला बिश्वकर्मा

१४. का.पा. सदस्य श्री मन्जु चौलागाईं

१५. का.पा. सदस्य श्री इन्द्रमाया चौलागाईं

Scanned with CamScanner

१३. विष्णुमाया लुइटेल - गा.पा. सदस्य (सही)
१४. सदस्य सचिव श्री मित्र बहादुर परियार, प्र.प्र.अ. (सही)

प्रस्ताव तथा निर्णय हरु

**निर्णय नं १**

मकवानपुरगढी गाउँपालिका अन्तरगत विभिन्न वडाहरुबाट प्रवाह भैरहेको सेवा तथा वडागत योजनाहरुको प्रगति समिक्षा गरियो । जसमा p1 / P2 का योजनाहरुको उपभोक्ता समिति गठन भै कार्यान्वयनको चरणमा रहेको, लागत सहभागीतामा आधारित ७०।३० को कार्यक्रमको उपभोक्ता समिति गठन भएको र कार्यान्वयनको चरणमा गएको टिपोट तथा विवरणहरु सवै वडाहरुबाट प्राप्त भएको हुँदा, योजनाको लागत अनुमानको परिधि भित्र रही पारदर्शी, गुणस्तर युक्त र प्रतिफल युक्त रुपमा कार्यान्वयनलाई प्राथमिकतामा राखी कार्य अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं २**

चालु आर्थिक वर्षमा मकवानपुरगढी गाउँपालिका अन्तरगत कृषि,पशु र महिला विकास अन्तरगतको कार्यक्रमहरुको संचालनको अवस्था,संचालन क्षेत्र,कार्यक्रम कायान्वयन पद्धति तथा क्षेत्र छनौटको विषयमा विषयगत कार्यालयको संयोजकहरुबाट प्रस्तुतिकरण गरियो । साथै विषय तथा कार्यक्रम कार्यान्वयनको स्पष्टता नभएका कार्यक्रमहरुको हकमा सम्वन्धित सरोकारवाला तथा सम्वन्धि वडाका अध्यक्ष तथा वडा समिति संगको छलफल पश्चात कार्यक्रम संचालन कार्यविधि तथा नम्स तयार गरि कार्यन्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं ३**

चालु आर्थिक वर्षहरुमा विनियोजित बजेट अनुसारको योजना,कार्यक्रम तथा तालिमहरुको अनुगमन मूल्यांकन गर्नको लागि देहाय अनुसारको अनुगमत समिति गठन गर्ने र योजनाहरुको फरफारकको लागि अनुगमनको समितिको प्रतिवेदन अनिवार्य आवश्यक हुने व्यहोरा समेत निर्णय गरियो ।

तपशिल

- गाउँपालिका अध्यक्ष : संयोजक
- गाउँपालिका उपाध्यक्ष : सदस्य
- प्रमुख प्रशासकिय अधिकृत : सदस्य
- प्राविधि प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी : सदस्य
- सम्वन्धित वडाको योजनाको हकमा सम्वन्धित वडाको वडा अध्यक्ष : सदस्य
- योजना शाखा प्रमुख : सदस्य सचिव

**निर्णय नं ४**

चालु आर्थिक वर्षमा संचालित योजना, कार्यक्रम तथा तालिमहरुको फरफारकको लागि देहाय अनुसारको फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

- संयोजक : गाउँपालिका अध्यक्ष
- सदस्य : पमुख प्रशासकीय अधिकृत
- सदस्य : प्राविधिक प्रमुख
- सदस्य : लेखा प्रमुख
- सदस्य सचिव : योजना शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बागमती प्रदेश, नेपाल

**निर्णय नं ५**

यस मकवानपुरगढी गाउँपालिकामा भुकम्पको किस्ता सिफारिसको हकमा समस्या देखिएको, जुन कित्तामा घर वनाउने हो सोही कित्तामा घर बनाए नवाएको सम्बन्धमा प्राविधिक समस्या देखा परेको हुँदा लाभग्राहीले सम्झौतामा उल्लेखित कित्तामा घर वनाउने सुनिश्चितताको लागि सम्वन्धित लाभग्राहीलाई कवुलियतनाम गराई दोस्रो किस्ता सिफारिस गर्न सम्वन्धित वडाको प्राविधिक कर्मचारीलाई सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

मकवानपुरगढी गाउँपालिकाको मिति २०७४।०७।२२ मा गठित ईन्जिनियर र सव ईन्जिनियर पदको पदपुर्ति समितिको मिति २०७४।९।७ च.नं को प्राप्त पत्रवाट सिफारिस भै आएको देहाय अनुसारको पदमा देहाय अनुसारको सफल उम्मेदवाहरुलाई छनौट गरि आगामी २०७५ असार मसान्त सम्मको लागि करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो । साथै सव ईन्जिनियर वैकल्पिक उम्मेदवारको हकमा गाउँपालिकाको योजनाहरुको चाप तथा कार्यवोझलाई ध्यानमा राखी गाउँपालिकाले आवश्यक ठानेमा करार नियुक्ति गरि काममा लगाउने सकिने समेत निर्णय गरियो ।

| क्र.सं. | पद | सफल उम्मेदवार | ठेगाना |
|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | दिपक गौतम | मकवानपुरगढी, ६ |
| २ | सव ईन्जिनियर | रुपक घोरासैनी | मकवानपुरगढी, ३ |

**निर्णय नं ७**

मकवानपुरगढी गाउँपालिका वडा नं ७ स्थित सुकौरा स्वास्थ्य चौकीको पुरानो भवन भत्काई नयाँ वनाउने सन्दर्भमा पुरानो भवन भत्काई सो स्थानमा नयाँ भवन निर्माण गर्ने प्रयोजनको लागि सो स्वास्थ्य संस्थालाई पुरानो भवनमा रहेको सरकारी सम्पत्तिहरुको संरक्षण तथा प्राविधिक कर्मचारीबाट सम्पत्तिको मूल्यांकन पश्चात लिलाम विक्री गरि. आम्दानी बाध्ने गरि सुकौरा स्वास्थ्य चौकीलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

मकवानपुरगढी गाउँपालिका अन्तरगत संचालन हुने तालिम,गोष्ठि,कार्यक्रम,योजना अनुगमन तथा कार्यरत कर्मचारी र पदाधिकारीलाई मासिक रुपमा उपलब्ध गराउने सुविधा तथा खर्च सम्वन्धि मापदण्ड पेश भए अनुसार २०७४ श्रावण १ देखिनै लागू हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

आमभन्ज्याङ स्वास्थ्य संस्थालाई विगतको वर्षहरुमा जस्तै यस आर्थिक वर्षमा पनि सिवम सिमेन्टबाट प्राप्त हुने आर्थिक सहयोग यस आर्थिक वर्षमा यस गाउँपालिकाको खातामा जम्मा भएको हुँदा सो बजेट लाई आमभन्ज्याङ स्वास्थ्य संस्थाको व्यवस्थापन समितिबाट प्राप्त देहायको सामग्री तथा निर्माणलागि गाउँपालिकाको प्राविधिकबाट तयार पारिएको लागत अनुमानको आधारमा खर्च गर्ने निर्णय गरियो ।

१. पंखा ३ थान

२.प्लास्टिक कुर्चि ८ थान

३. १ वटा काउन्टर निर्माण

**निर्णय नं १०**

यस मकवानपुरगढी गाउँपालिकामा वित्तिय सुशासन कायम गर्न, सेवा प्रावहलाई जनमैत्री बनाउन र समग्र सुशासनको अभ्यासलाई स्थानीय सरकारको एक अभिन्न अंगको रुपमा स्थापित गर्न सहयोग पुर्याउनको लागि तयार गरिएको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

भीमफेदी, मकवानपुर
प्रदेश,नेपाल

**निर्णय नं ११**

यस मकवानपुरगढी गाउँपालिकामा वित्तिय सुशासन कायम गर्न, सेवा प्रावहलाई जनमैत्री बनाउन र समग्र सुशासनको अभ्यासलाई स्थानीय सरकारको एक अभिन्न अंगको रुपमा स्थापित गर्न सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ को अधिनमा रहि देहाय बमोजिमको कार्यविधिहरु तयार गरि लागू गर्न मकवानपुरगढी गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

- योजना अनुगमन कार्यविधि तयार गरि कार्यपालिकामा पेश गर्ने
- सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि तयार गरि कार्यपालिकामा पेश गर्ने ।
- गुनासो सुनुवाई सम्वन्धी कार्यविधि तयार गरी स्वीकृतको लागि कार्यपालिकामा पेश गर्ने ।
- सामाजिक परिक्षण सम्वन्धि कार्यविधि तयार गरि कार्यपालिकामा स्वीकृतको लागि पेश गर्ने ।
- लैंगिक उत्तरदायि एवं समावेशी बजेट परिक्षण सम्वन्धी कार्यविधि तयार गरि स्वीकृतको लागि कार्यपालिकामा पेश गर्ने ।
- राजस्व सम्भाव्यता अध्ययन गरि राजस्व प्रक्षेपण,कर र राजस्वका दरहरु निर्धारण सम्वन्धी कार्यविधि तयार गरि स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।
- सामाजिक परिचालन, गरिवी निवारण र गैर सरकारी संस्था परिचालन सम्वन्धी कार्यविधि तय्रार गरि स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।
- संघ,प्रदेश,अरु नगर एवंक गाउँपालिका, विकास साझेदार निकायहरु, मन्त्रालय, विभाग र निकायहरु संगको समन्वय र सहकार्य निति तयार गर्ने ।
- योजना तथा आयोजनाहरुबाट संकलन हुने कन्टेन्जेन्सी वापत प्राप्त हुने रकम खर्च सम्वन्धी मापदण्ड तथा कार्यविधि तयार गरी लागू गर्ने ।

**निर्णय नं १२**

विगत वर्षहरुमा सामुदायिक विकास कार्यक्रम अन्तरगत सामाजिक परिचालनको क्षेत्रमा कार्यरत सामुदायिक परिचालकहरुको कार्य अवधि समाप्त भएको हुँदा, निजहरुको कार्य अनुभवको सदुपयोग लागि निज सामाजिक परिचालकहरुलाई गाउँपालिकाले तयार गर्ने Vilage Profile तयारीका लागि तथ्यांक संकलकको रुपमा परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

मकवानपुरगढी गाउँपालिका संचालनको लागि हाल पर्याप्त कोठाहरु नभएको, विषयगत शाखाहरु संचालनमा समेत समस्या देखिएकोले हाल गाउँपालिका कार्यालय संचालन हुदै आएको नयाँ भवनको माथिल्लो तलामा वरिपरि वाल उठाउने कार्य समेत सम्पन्न भएको अवस्थामा भित्री कोठाहरु आल्मुनियम पार्टेशनको लागि गाउँसभाले विनियोजन गरेको बजेटको परिधिभित्र रहि लागत अनुमान तयार गरि कार्य सम्पन्न गराउन गाउँपालिकालाई स्वीकृत प्रादन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर बागमती प्रदेश,नेपाल

Scanned with CamScanner

निर्णय नं १४

चालु आर्थिक वर्षमा गाउँसभाले विनियोजन गरेका विशेष गरि जनजाति,दलित र अपांग क्षेत्रको बजेट कार्यान्वयनको लागि गाउँपालिका स्तरिय समन्वय समिति गठन गर्ने र लक्षित तर्फको बजेट कार्यान्वयनको लागि छात्रवृत्ति,सचेतना मुलक तथा आयआर्जन वृद्धिका कार्याक्रमहरुलाई प्रोत्साहन गर्ने । छात्रावृत्ति तथा आयआर्जन तर्फको कार्यक्रम सम्पन्न गर्न सो समितिले छनौट गरि पठाएका व्यक्ति तथा समूहलाई सो शिर्षकमा विनियोजित बजेटको परिधिभित्र रहि गाउँपालिकाले सम्झौता गरि कार्यसम्पादनको आधारमा अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३नं.प्रदेश, नेपाल

Scanned with CamScanner